# नेपालका अनुसन्धानकर्ता प्रहरी अधिकृत र अभियोजनकर्ता सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन २०७६ को सन्दर्भमा

## प्रेस नोट

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा समन्वय र सहकार्यमा जोड दिएको छ। महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा "सुदृढ फौजदारी न्याय प्रशासनको आधार, अनुसन्धानकर्ताको सरोकार" भन्ने मूल नाराका साथ मिति २०७३ साल माघ १४ गते देखि १६ गतेसम्म काठमाडौंमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । यस अघि २०७३ साल पौष ८ गतेदेखि १० गतेसम्म सम्पन्न भएको नेपालका सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले समेत अपराधको अनुसन्धान र अभियोजन कार्यलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताको बिचमा समन्वय र सहकार्यमा जोड दिएको थियो। नेपालका सरकारी वकीलको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ ले पनि मुलुकी संहिताहरू कार्यान्वयनको क्रममा अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच समन्वय र सहकार्य अझ बढी विस्तार गर्नुपर्ने आवश्यकता औंल्याएको थियो। सबै सम्मेलनमा अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा सहकार्य र समन्वय कायम गर्न सकिएमा मात्र सरकार वादी फौजदारी मुद्दाको काम कारवाही प्रभावकारी हुने र सफलता हासिल हुन सक्ने विषयमा जोड दिईएको थियो । नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले प्रत्येक तीन वर्षमा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गरी घोषणापत्र जारी गरेको एवम् मुलुकी अपराध संहिता लगायतका नयाँ फौजदारी कानुनहरू कार्यान्वयनमा आएको सन्दर्भमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूलाई एकै थलोमा जम्मा गरी मुलुकी अपराध संहिता समेतका फौजदारी कानून र अन्य कार्यविधि कानूनको कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गरी अपराध अनुसन्धान र अभियोजनको क्षेत्रमा सुधारका लागि साझा धारणा तय गर्ने मूल उद्देश्यले महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा आगामी २०७६ साल मंसिर १३, १४ र १५ गते काठमाडौंमा दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्न लागिएको हो। सम्मेलनलाई सफल बनाउन माननीय महान्यायाधिवक्ताज्यूको संयोजकत्वमा १० सदस्य सम्मेलन निर्देशक समिति तथा अन्य विभिन्न समितिहरु गठन गरिएको छ ।सम्मेलनमा अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरू, अभियोजनकर्ता सरकारी वकीलहरू, विधि विज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरू तथा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट तोकिएका अन्य सहभागीहरू गरी

महान्यायाधिवक्ताको कार्यालय
नेपाल

करिब ५५० जनाको सहभागिता हुनेछ ।सो कुरा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिमको मा.महान्यायाधिवक्ता श्री अग्नीप्रसाद खरेलज्यूको अध्यक्षतामा कानुन सचिव श्री राजिव गौतम, गृह सचिव श्री प्रेम कुमार राई, प्रहरी महानिरिक्षक श्री सर्वेन्द्र खनाल र नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल सदस्य रहेको समन्वय समितिको मिति २०७६/०४/२९ को निर्णय अनुसार भएको जानकारी गराईन्छ ।

२०७६।५।१

( संजिवराज रेग्मी )
सहन्यायाधिवक्ता तथा प्रवक्ता

महान्यायाधिवक्ताको कार्यालय
नेपाल